सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवासुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झन्झट वा अठ्चारा भोग्नुपरेमा सोको सूचना र सेवाप्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratEekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज १८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 05 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४७

## भास्कर हर्बस्युटिकल्सले अतिक्रमण गरेको सार्वजनिक कुलो निकाल्दै महानगर, प्राविधिक टोली परिचालन

राधेश्याम पटेल, परवानीपुर, १७ असोज/

वीरगंज महानगरपालिकाले भास्कर हर्बस्युटिकल्स प्रालिले अतिक्रमण गरेको सार्वजनिक कुलो निकाल्न शुरू गरिएको छ । महानगरपालिकाको वडा नं ३२ चोर्नीस्थित उद्योगले ९-१२ फिट चौडाइको कुलो निकाल्न शुरू गरेको छ। गाउँबाट विसर्जित पानी बग्ने कुलो अतिक्रमण गरी उद्योगले विगत लामो समयदेखि उद्योग स्थापना गरेको कारण पानीको निकासमा समस्या आएको र सार्वजनिक सम्पत्ति हिनामिना भएको भन्दै गाउँलेले महानगरमा उजूरी गरेपछि महानगरले सो कुलो निकाल्न शुरू गरेको जनाइएको छ। सोमवारदेखि अमिनहरूको प्राविधिक टोली परिचालन गरी सार्वजनिक कुलो निकाल्ने काम भइरहेको महानगरपालिकाले जनाएको छ । महानगरका अमिन लेखनारायणलाल कर्ण र दीपक पटेल नेतृत्वको प्राविधिक टोलीले कुलो निकाल्ने काम गरिरहेको जनाइएको छ । प्राविधिक टोलीको अनुसार साबिक चोर्नी गाविस-१ को किता नं २७, २८, २९ भएर उक्त कुलो बगेको नक्शामा देखिएको छ ।



तस्वीरः प्रतीक

उक्त कित्ताहरूका जग्गाहरू अहिले उद्योगको स्वामित्वमा छ। जसमा उद्योग स्थापना भई सञ्चालन भइरहेको छ । उत्तरबाट दक्षिण भएर बग्ने कुलो १३ वर्षपहिले उद्योग स्थापना हुँदा उद्योगले गैरकानूनीरूपमा अतिक्रमण गरी उद्योग स्थापना गरेको स्थानीय विष्णु यादवले बताए । उनले उद्योग स्थापना हुँदा उद्योगले कुलोको सट्टामा पानीको निकासको लागि पक्की नाला बनाउने, स्थानीयलाई रोजगार दिने, उद्योगको पश्चिमतर्फ खेतमा ट्याक्टर लैजान बाटो बनाउने, बगैंचा बनाउने भनी गाउँका अगुवाहरूसँग सम्झौता गरे तापनि हाल सम्झौता पूरा नहुँदा गाउँलेहरू आक्रोशित भई कुलो निकाल्न महानगरलाई गुहार गरेका हुन् । "शुरूमा उद्योग स्थापना गर्दा उद्योगले गाउँलेलाई थुप्रै आश्वासन दिई सार्वजनिक कुलो अतिक्रमण गरी उद्योग बन्यो, तर सम्झौताका शर्तहरू पूर्णरूपमा पालना भएन," उनले भने, "यसपालि जसरी पनि कुलो निकालेर नै छाड्ने गाउँलेले पहल थालेका छन् ।" उनले उद्योगले स्थानीयलाई रोजगार दिने भनेर झुक्याएको तर रोजगार नदिएकोले समस्या उत्पन्न भएको उनको आरोप छ ।

यस विषयमा उद्योगका प्रबन्धक नीरजकुमार सिंहले सन् २०१० मा उद्योग स्थापना हुँदा स्थानीयसँग सम्झौता गरी कुलोको सट्टा उत्तरपट्टि जग्गा दिएर कुलो अतिक्रमण गरिएको दाबी गरे । "साबिकको नक्शा अनुसार कुलोको जग्गा उद्योगमैं परेको छ, तर विगतको सम्झौता अनुसार कुलोको जग्गाको बदला उद्योगको उत्तरपट्टिबाट पक्की नाला बनाइएको छ, पछाडि जाने बाटो पनि छ, तर गाउँका केही नेताहरूका कारण यो विवाद भइरहेको छ," उनले भने, "आर्थिक मन्दीबाट गुज्रिरहेको उद्योगमा मजदूर राख्न दबाब आउने गर्दा सो नमान्दा यस्तो समस्या आएको हो ।" तर गाउँकै अर्का बासिन्दा चिरञ्जीवी साह तेलीले उद्योगले कुलोको सट्टा निजी जग्गा नदिएको आरोप लगाए । वीरगंजका व्यवसायी शम्भु अग्रवालसमेत सञ्चालक रहेको सो उद्योगले आयुर्वेदिक औषधि उत्पादन गर्दै आएको छ ।

## बिहीवारदेखि सिम्रौनगढ अस्पताल सञ्चालन गर्ने निर्णय

प्रस, सिम्रौनगढ, १७ असोज/

दुई महीना १८ दिनदेखि बन्द रहेको सिम्रौनगढ नगर अस्पताल बिहीवारदेखि सञ्चालन हुने भएको छ ।


सिम्रौनगढ अस्पताल सञ्चालनबारे बसेको बैठक । तस्वीरः प्रतीक

बारा उद्योग वाणिज्य सङ्घ, सिम्रौनगढले नगर अस्पताल सञ्चालनको माग गर्दै शनिवार नगरप्रमुख किशोरीप्रसाद कलवारलाई ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्रमा तीन दिनभित्र अस्पताल सञ्चालनमा नल्याए नगरपालिकामा तालाबन्दी गर्ने अल्टिमेटम दिइएको थियो ।

तीन दिनपछि अस्पताल सञ्चालन नभएपछि बारा उद्योग वाणिज्य सङ्घ, सिम्रौनगढका अध्यक्ष लालबाबू कुशवाहा नेतृत्वको टोलीले नगरपालिकामा तालाबन्दी गर्न खोज्दा सिम्रौनगढ नगर अस्पताल व्यवस्थापन समितिका संयोजक सिम्रौनगढ नगरपालिकाकी उपप्रमुख नजमु शेहरका सल्लाहकार शेख मोतिमले भोलिदेखि अस्पताल सञ्चालन हुने बताएका थिए ।

सिम्रौनगढ नगर स्वास्थ्य संयोजक




विजयशङ्कर ठाकुर, आयुर्वेद अस्पताल स्वास्थ्य संयोजक जयनारायणप्रसाद यादव, सिम्रौनगढ नगर अस्पताल व्यवस्थापन समिति सदस्य रामदिनेशप्रसाद यादव, अवधेशकुमार सहनी, विवेक मेहता, नन्दकिशोरप्रसाद जायसवाल, वडाध्यक्षहरू दीनदयालप्रसाद मुखिया, अरबिन्द मुखिया, एजुलाह अन्सारी, राजकुमार यादव, रामएकबालप्रसाद यादव, सुरेन्द्रप्रसाद जायसवाल, शिवमङ्गलप्रसाद कुशवाहा, सिम्रौनगढ इप्रकाका प्रनि रविभूषण यादव, सञ्चारकर्मी रामेश्वर मेहताको सहभागितामा भोलिदेखि अस्पताल सञ्चालन गर्ने निर्णय गरिएको थियो ।

अस्पतालका प्रमुख जीतेन्द्र यादवसहित २२ जना करारका कर्मचारीहरूको साउन १ गतेदेखि म्याद सकिएको र तलबको माग गर्दै अढाई महीनादेखि कर्मचारीहरूले अस्पतालको सेवा ठप्प पारेका थिए। जसको कारण अस्पतालमा उपचार गराउन आउने बिरामीहरूलाई निकै समस्या भएको थियो।

भोलिदेखि अस्पताल खुल्ने घोषणा भएपछि सिम्रौनगढ नगर अस्पतालमा सरसफाइ भएको छ ।


विरोध जुलुससहित ज्ञापन बुझाउन जाँदै स्थानीय । तस्वीरः प्रतीक

## बागमती पुल निर्माण नहुँदा ज्ञापनपत्र

प्रस, रौतहट, १७ असोज/

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले १३ वर्ष पहिले शिलान्यास गरेको बागमती पुल हालसम्म निर्माण नहुँदा स्थानीयवासीले बुधवार विरोध जुलूससहित जिल्ला प्रशासन कार्यालय, रौतहटमार्फत भौतिक पूर्वाधार मन्त्रालयलाई ज्ञापनपत्र बुझाएका छन् ।

दुर्गा भगवती गाउँपालिका वडा नं ५ का बासिन्दाले गौरको बरहबापुलनजीक भेला भई प्लेकार्ड बोकी पुल निर्माण गर्न माग गर्दै विभिन्न खाले नारा लगाएका थिए। नारा लगाउँदै जिप्रकामा पुगी प्रशासकीय अधिकृत प्रशान्त वर्मालाई ज्ञापनपत्र बुझाएका थिए ।

बागमती नदीले बर्सेनि तराई-मधेसमा क्षति पुऱ्याउँदै आएको उल्लेख गरी सो नदीबाट मानवीय क्षति र धनजनको अपूरणीय क्षति हुँदै आएको ज्ञापनपत्रमा उल्लेख छ ।

पुल निर्माण कार्य अविलम्ब शुरू गर्न ज्ञापनपत्रमा उल्लेख गरिएको छ । तत्काल शुरू नगरे चरणबद्ध सङ्घर्षका कार्यक्रम गर्ने उल्लेख छ ।

दुर्गा भगवती गाउँपालिका वडा नं ५ बडहर्वा टोल हुँदै बग्ने बागमती नदीमा पुल निर्माणका लागि पप्पु कन्स्ट्रक्सनले ठेक्का सकार गरी पुलको पिलर मात्र बनाइ अधूरो छाडेर भागेको छ ।

संसदीय क्षेत्रको निर्वाचनका क्रममा पूर्वप्रधानमन्त्री नेपालले जनतासमक्ष पुल

(बाँकी अन्तिम पातामा)

## दुई महिलासहित ३१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १७ असोज/

नेपाल रेडक्रस सोसाइटी रामनगरी उपशाखाले बहुदरमाई नगरपालिका-८ मा आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३१ जनाले रक्तदान गरेका छन् ।



तस्वीरः प्रतीक

रामनगरी युवा समाजको सक्रियतामा आयोजित रक्तदान कार्यक्रममा सोनालाल पटेल, प्रभात पण्डित, नरेश यादव, राजेशराउत कुर्मी, प्रवीण पटेल, सञ्जयकुमार साह, रञ्जन साह तेली, अमृतकुमार गुप्ता, मुन्ना चौधरी, एकबाल चौधरी, कन्हैया राउत, मुकेश पटेल, जयकरण साहलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख राजन श्रीवास्तवले बताए ।

## सार्वजनिक जग्गा भूमाफियाको नाममा, प्रमाण गायब

प्रस, वीरगंज, १७ असोज/

धोबिनी गाउँपालिका-३ सिकटा



तस्वीरः फाइल

नदीस्थित पाँच बिघा जग्गा भूमाफियाले आफ्नो नाममा दर्ता गराएको छ भने सो जग्गाको सक्कली कागज भूमिसुधार तथा मालपोत कार्यालयबाट गायब भएको छ ।

मालपोत कार्यालयसँग जिल्ला अदालत, पर्साले २०७२ सालदेखि जग्गाको फाइल माग गरेकोमा हालसम्म पनि फाइल नबुझाएको तथा फाइल नै मालपोत कार्यालयबाट गायब भएको बताइन्छ ।

गाउँलेहरूले सो जग्गा सार्वजनिक नै हुनुपर्ने भन्दै जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए। मालपोत कार्यालयले पत्र नपठाउँदा तीन वर्षदेखि अदालतले निर्णय गर्न सकेको थिएन। यता जिल्ला अदालत, पर्साले पुरानो मुद्दा भएको भन्दै सो जग्गाको विषयमा असोज २३ गते अन्तिम छिनोफानो गर्दैछ। कालिकामाई गापा-१ मुर्ली निवासी असर्फी ठाकुर लोहारले २०७२/०८/२५ गते श्रेस्ता कायम गरेको निर्णय पुस्तिकामा तोकिएको समयभित्र पठाउनुपर्ने फाइल भेटिएन वा छैन भने के कारणले छैन स्पष्ट खुलाइ पत्राचार गर्न भनिएको बताए ।

सो जग्गा सार्वजनिक रहेकोमा माओवादी द्वन्द्वकालमा नजीकैका खेतवाला र गाउँका अगुवाहरूले योजनाबद्ध तरीकाले २०६७ सालतिर आफ्नो नाममा दर्ता गराउन थालेका थिए। त्यसपछि गाउँका केही अगुवाहरूले अदालतमा मुद्दा दर्ता गराएका थिए । पछि लेनदेनको भरमा उनीहरूले मुद्दा फिर्ता लिएपछि अदालतले ठाकुरको पक्षमा जग्गाको हकदारको निर्णय गरेको थियो ।

समाचार स्रोतका अनुसार योजनाबद्ध तरीकाले भूमाफियाले आफ्नो नाममा जग्गा दर्ता गरेको छ । पहिला नापी, भूमिसुधार तथा मालपोतबाट सार्वजनिक जग्गा रहेको प्रमाण मेटाएका थिए । सोही अनुसार २०२२/२३ को नापी नक्शादेखि सबै प्रमाण मेटिएको स्रोतले जनाएको छ ।

## नक्कली खातुनले नागरिकता पाइन्

प्रस, रौतहट, १७ असोज/

गढीमाई नगरपालिका-७ का वडाध्यक्षमाथि बुधवार सोही वडाका सदस्यहरूले जिल्ला प्रशासन कार्यालय, रौतहटमा उजूरी दिएका छन् ।

वडा सदस्यद्वय मदनराय यादव र रामबालकराय यादव, महिला वडा सदस्यद्वय प्रेमपति देवी, श्रीपति देवीले वडाध्यक्ष तपेन्द्रराय यादवमाथि विभिन्न आरोप लगाउँदै जिप्रका, रौतहटमा उजूरी दिएका छन् ।

वडाध्यक्ष यादवले सर्वसाधारण जनतालाई दुःख दिंदै राम्रो व्यवहार नदेखाएको, वडाध्यक्ष बाहिर गएको बेलामा कसैलाई पनि कार्यवाहक वडाध्यक्ष नियुक्त नगरेको, विभिन्न समयमा हप्तौंका लागि विदेश जाने गरेकाले सेवाग्राहीहरूले अनावश्यक सास्ती खेप्नुपरेको भन्दै कारबाईको माग उजूरीमा गरिएको छ ।

उजूरीमा गढीमाई नपा-७ बस्ने अब्बास मियाँ अन्सारीकी छोरी अविदा खातुनको नागरिकता नबनाइ सोही नाम, थर र बुबाको नाम राखी अपरिचित महिलालाई नागरिकताको सिफारिश दिई नागरिकता बनाएकोमा नागरिकता रद्द गरी सक्कली अविदा खातुनलाई नागरिकता दिन माग गरिएको छ ।

नक्कली अविदाबाट प्रलोभनमा परी जन्म प्रमाणित गरी नागरिकता बनाउनमा सहयोग गरेको र वास्तविक अविदा खातुनलाई नागरिकताको सिफारिश नदिई दुःख दिने गरिएकोले कारबाई गरिपाउँ भनी वडा सदस्यहरूद्वारा दिएको उजूरीमा उल्लेख गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, रौतहटका शाखा अधिकृत प्रशान्त वर्माले वडाध्यक्ष माथि उजूरी परेको स्वीकार गर्दै आफ्नो अधिकार क्षेत्रबाहिर रहेकोले प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गर्ने बताए ।

**विचारसार एवं सूक्तिहरू**

**कसैलाई आफ्नो जीवनमा महत्त्व दिनुपहिले, आफूप्रति उसको दृष्टिकोण कस्तो, विचार पुऱ्याउनुपर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सामाजिक सञ्जालको दुरुपयोग

**पछिल्ला केही महीनादेखि मुलुकमा सामाजिक सद्भाव बिथोल्ने गतिविधिहरू भइरहेका छन् । कोशी प्रदेशको धरानमा भोज खाँदै गरेको भिडियो फेसबूकमा पोस्ट गरेर एकजनाले 'गोरुको मासु' भन्दै स्टाटस लेखे । 'गोरुको मासु' भन्ने कुरा आएपछि, यसको समर्थन र विरोधमा सामाजिक सञ्जाल ढाक्यो । यसले युटचुबरहरूलाई पनि काम पायो । समाजलाई फुटाएर राजनीतिको दुनो सोझ्याउन चाहने केही व्यक्तिले यसलाई निकै मलजल गर्न खोजे । एकले अर्कालाई दोष देखाउँदै पक्ष–विपक्ष सडकसम्म आइपुगे । यसको केहीपछि रौतहटमा भएको दुई पक्षीय झडपलाई सामाजिक सञ्जालले त्यसैगरी उचालपछारको प्रयास गऱ्यो । मधेस क्षेत्रको सद्भाव कायम राख्न यहाँका धर्मगुरु, जनप्रतिनिधि, सामाजिक अभियन्ता तथा नागरिक समाजको महत्त्वपूर्ण भूमिका रह्यो । सामाजिक सद्भाव बिगार्ने किसिमका कुनै पनि सामग्री पोस्ट नगर्न अगुवाहरूले सामाजिक सञ्जालका प्रयोगकर्ताहरूलाई सार्वजनिकरूपमा आग्रह गरे । सद्भाव बिथोल्न खोज्ने भाइरस अहिले नेपालगंज पुगेको छ । नेपालगंजमा सद्भाव भडकिनुको मुख्य कारण पनि सामाजिक सञ्जाल नै रहेको कुरा त्यस क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित सांसद धवल शमशेर जबराले संसद्मा जानकारी गराए ।**

**मोबाइल, कम्प्युटर, ल्यापटपलगायतका विद्युतीय सामग्री प्रयोग गरी इन्टरनेटका माध्यमबाट विश्वलाई नै एउटा घरमा परिणत गर्न मानिस सफल भएका छन् । योसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको सङ्ख्या दिन दुगुना र रात चौगुना बढ्दै गइरहेको छ । हाम्रो मुलुकमा फेसबूक, म्यासेन्जर, ट्वीटर, युटचुब, टिकटक, भाइबर, इमो, इन्स्टाग्राम, ह्वाट्सएप तथा ब्लग आदिजस्ता सामाजिक सञ्जाल प्रयोग गर्न बच्चादेखि वृद्धसम्मलाई कुनै रोकटोक छैन । जहाँसम्म इन्टरनेट पुग्यो, त्यहाँसम्म सामाजिक सञ्जाल प्रयोगकर्ताहरू छन् । सामाजिक सञ्जालले विश्वमा हुने हरेक ताजा खबर वा सूचनामा सबैको सहज पहुँच पुऱ्याएको छ । सामाजिक सञ्जाल दुई किसिमले प्रयोग भइरहेका छन्, (१) सदुपयोग र (२) दुरुपयोग । जसले सदुपयोग गऱ्यो, उसको लागि र त्यहाँका समाजको लागि समेत सामाजिक सञ्जालले फाइदा पुऱ्याएको छ भने जसले यसको दुरुपयोग गऱ्यो, उसलाई र त्यहाँको समाजलाई समेत क्षति पुगिरहेको छ । दुरुपयोग पनि दुई किसिमले भइरहेको छ, (१) जानाजान र (२) अनजानमा ।**

**हाम्रो मुलुकमा जानाजान सामाजिक सञ्जालको दुरुपयोग गर्नेको सङ्ख्या ठूलो छ । त्यसैगरी, सामाजिक सञ्जालको दुरुपयोग भइरहेको कुरा थाहा पाउन नसक्ने अचेतन उपभोक्ताको सङ्ख्या पनि ठूलो छ । उनीहरू सामाजिक सञ्जालमा जे आउँछ, त्यो सत्य आउँछ भन्ने बुझाइमा छन् । फलस्वरूप सामाजिक सञ्जाल अफवाह फैलाउने, अरूलाई हानि पुऱ्याउने, बदला लिने, प्रतिशोध साध्ने वा गलत नियत र मनसायले कसैको निजी तथा पारिवारिक जीवनमा चोट पुऱ्याउन प्रयोग गर्ने साधन बनेको छ । सामाजिक तथा साम्प्रदायिक सद्भाव बिगार्ने, सर्वसाधारण नागरिक र समाजका प्रतिष्ठित व्यक्तिलाई अनावश्यक हैरानी दिने, नैतिक चरित्रहत्या गर्ने, सताउने तथा त्यस्ता कार्यबाट आफूलाई फाइदा लिन सामाजिक सञ्जाललाई हतियारका रूपमा प्रयोग गरेको पनि पाइएको छ । सामाजिक सञ्जाल नियमण तथा नियन्त्रण गर्न हाम्रो मुलुकले नसक्ला तर सञ्जालको दुरुपयोगकर्ता नेपाली उपभोक्तालाई कारबाई गर्न सकिन्छ । सामाजिक सञ्जाल सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्ने र दुरुपयोग गर्ने प्रयोगकर्तालाई कडा कारबाई गर्ने व्यवस्था जतिसक्दो छिटो हुन जरुरी छ ।**

# शिक्षकहरूको सम्बन्धमा

हिन्दू सनातन धर्मशास्त्रहरूमा शिक्षकलाई गुरु भनिएको पाइन्छ । गुरुलाई निकै आदरसाथ हेरिएको पाइन्छ । सनातन धर्मावलम्बीहरूले मान्ने गरेको चार युगमध्ये सत्य, त्रेता र द्वापर युगमा गुरुको निकै महिमा गाइएको पाइन्छ । जहाँ गुरुको प्रसङ्ग आउँछ, त्यहाँ गुरुलाई देवरूपमा स्वीकार गरिएको पाइन्छ । देवता अदृश्य देव र गुरु दृश्य देव मान्ने गरिएको पाइन्छ । यस अर्थमा गुरुलाई साक्षात् देवताको संज्ञा दिइएको छ । गुरुलाई चार प्रमुख स्थान वा सम्मानमध्ये एक दिइएको पाइन्छ । यथाः आचार्य देवो भवः । अर्थात् गुरु देवता हुन् । गुरु देवता समान हुन्छन् । गुरुको सम्मान शब्दमा मात्र सीमित नहुने र व्यवहारमा पनि पालना गरिएको पाइन्छ ।

सामान्यतया आधुनिक शिक्षाले गर्दा शिक्षक अर्थात् गुरुको गरिमा खस्कँदै गएको धेरैको बुझाइ छ । तर, शिक्षकको गरिमा कम भएको भन्दा कम गराउन केही पक्ष लागेको आरोप रहेको छ । तथ्य आफ्नै ठाउँमा होला तर हाम्रो संस्कृतिमा अझै पनि शिक्षकलाई उच्च स्थान प्राप्त छ । केही दशक पहिलेसम्म हाम्रो समाजमा आफूलाई नपढाएको भए पनि शिक्षकलाई देखेपछि जस कसैको शिर निहुरिन्थ्यो । शिर निहुराएर कम्तीमा ती शिक्षकलाई प्रणाम शब्द उच्चारण गर्दथे । शब्दमा मात्र होइन, भावले पनि त्यही दर्शाइएको हुन्थ्यो । दर्शाउने र देखाउने सवाल मात्र होइन अन्तर्हृदयमा पनि यही श्रद्धा हुने गरेको थियो । शिक्षकबारे कोही नकारात्मक कुरा सुन्न चाहँदैनथे वा शिक्षकप्रति सम्मानले गर्दा शिक्षकका केही नकारात्मक बानी बेहोरा भए भने पनि कोही उच्चारण गर्न चाहँदैनथ्यो । एउटा उदाहरण :

सन्दर्भ करीब तीन दशक पहिलेको हो । त्यति बेला एकजना शिक्षक मदिरा सेवन गर्दथे । मदिरा सेवन गर्नुको अर्थ यो होइन कि उनी मदिरा सेवन गरेर विद्यालय आउँथे । उनी हरेक शुक्रवार साँझ मदिरा पिउँथे । मदिरा पिएर कहिलेकाहीं पत्नीसित झगडा गर्दथे, वा झगडा हुन्थ्यो । शिक्षक जुन गाउँका थिए, सोही गाउँका विद्यार्थीहरू पनि त्यस विद्यालयमा पढ्दथे । त्यस गाउँका विद्यार्थीहरू कहिलेकाहीं साउती गर्दथे – हाम्रो गाउँका फलानो सर मदिरापान गर्दछन् । म गाउँकै भए पनि देखेको छैन, सुनेको मात्र हो । गाउँमा कसैकसैले भन्ने गर्छन् – शिक्षक भएर पनि दारु पिउँछ ।

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**
mitrasanjay41@gmail.com

**शिक्षकले राजनीति गर्नुहुँदैन पनि भन्न थालिएको छ । राजनीतिकर्मीले नै विभिन्न किसिमको शिक्षक नियुक्ति गर्दा शिक्षकमा राजनीति बढेको हो । अब यदि शिक्षकले पूर्णतया राजनीति बन्द गर्ने हो भने शिक्षक नियुक्तिको एउटै प्रक्रिया हुनुपर्छ भन्न थालिएको छ ।**

शिक्षक भएर दारु पिउनुहुँदैन भन्ने भनाइ गाउँका मानिसको छ तर यो कुरा सरलाई भन्ने आँट कसैले गर्दैन । गाउँका सबैभन्दा बुजुर्गले पनि एक दिन यही सम्झाउन सरलाई बोलाएका थिए तर तिनले पनि भन्ने आँट गरेनछन् रे । सर आफैंले कुरा बुझेर नपिउँदा हुन्थ्यो भनेको गाउँका मानिसहरूको भनाइ छ रे ।

एकजना शिक्षकबारे तीन दशक पहिलेसम्म समाजको धारणा कस्तो थियो र समाजले नै शिक्षकसित तिनकै व्यवहारबारे भन्न चाहेको कुरा कति अदबका साथ दर्शाउँथे, त्यो माथिको उदाहरणबाट स्पष्ट हुन्छ । एक सन्दर्भमा शिक्षकको शक्तिबारे पनि निकै घतलाग्दो कुरा गरिएको पाइन्छ । आचार्य चाणक्यले एकजनालाई शिष्य बनाएर सम्राट् बनाइदिएका थिए । उनकै सन्दर्भमा यो पनि भनिएको पाइन्छ कि आचार्य चाणक्यमा यो क्षमता थियो कि उनले साम्राज्य खडा गरिदिएका थिए । अर्थात्, गुरुमा साम्राज्य खडा गर्न सक्ने क्षमता हुन्छ र गुरुले चाहेमा एक साधारण पात्रलाई सम्राट बनाइदिन सक्छन् । हो, यहाँनेर चाहनाको मात्र सवाल छैन । यहाँनेर त गुरुमा प्रतिभा चिन्न सक्ने कठिन वा दुर्लभ सामर्थ्य पनि हुन्छ भन्न खोजिएको छ । आचार्य चाणक्यले नै गुरुको शक्तिलाई कुनै पनि हालतमा कम मूल्याङ्कन गर्न नसकिने बताएका छन् । उनको जीवनीले पनि यो कुरा बताउन पर्याप्त प्रमाण दिएको छ कि गुरुको सम्मान जुनसुकै अवस्थामा पनि गर्नु उचित हुन्छ । हो, गुरुमा पनि क्षमता हुनुपर्छ र गुरुले पनि त्यस किसिमको त्याग र तपस्या गर्न सक्नुपर्छ, गुरुले पनि त्यसको लागि साधना गर्नुपर्छ । भन्नुको तात्पर्य गुरुले नै पनि गुरुको गरिमा राख्नु पर्दछ । गरिमा राख्न सक्ने नै गुरु हुन्छन् भन्ने पनि यथार्थ हो ।

अहिले धेरैतिरबाट शिक्षकमाथि सवाल उठिरहेका छन् । शिक्षक पनि यही समाजको अङ्ग हो । शिक्षकको नियुक्ति र छनोट धेरै किसिमको भइसकेको छ । यसले गर्दा शिक्षक पनि धेरै किसिमका भइसकेका छन् । धेरै किसिमका शिक्षक भन्नु चाहिं धेरै प्रक्रियाबाट आएको भन्नु पनि हो । शिक्षक नियुक्तिमा आग्रह, पूर्वाग्रह तथा नातावाद हावी नभएको होइन । नियुक्तिका साथै सरुवामा पनि यो देखिएको छ । केही समय पहिले बारा जिल्लाका एकजना शिक्षकको सरुवा र तिनलाई हाजिर नगराएको अवस्थाले निकै चर्चा पाएको थियो । यदि सामाजिक सञ्जाललाई सही मान्ने हो भने सरुवामा नै आग्रह वा पूर्वाग्रह रहेको थियो । यसरी शिक्षामा आग्रह–पूर्वाग्रह तथा नातावाद हुन थालेपछि निस्सन्देह अन्ततः प्रभावित हुने भनेको शिक्षा नै हुन्छ । शिक्षा प्रभावित हुँदा त्यसको दोष शिक्षकमाथि जान्छ । हो, शिक्षकलाई रोजगारी मात्र ठान्नेले शिक्षक बन्नुहुँदैन यसै अर्थमा भनिएको हुनुपर्छ ।

अहिले फेरि समाजमा शिक्षक असाधारण हुनुपर्छ भन्न थालिएको छ । विभिन्न किसिमका शिक्षकको नियुक्तिले समाजमा असर पारेको वा शिक्षाको असर समाजमा देखिन थालेकोले अब शिक्षक चाहिं असाधारण नै हुनुपर्ने आवाज उठ्न थालेको छ । शिक्षकले राजनीति गर्नुहुँदैन पनि भन्न थालिएको छ । राजनीतिकर्मीले नै विभिन्न किसिमको शिक्षक नियुक्ति गर्दा शिक्षकमा राजनीति बढेको हो । अब यदि शिक्षकले पूर्णतया राजनीति बन्द गर्ने हो भने शिक्षक नियुक्तिको एउटै प्रक्रिया हुनुपर्छ भन्न थालिएको छ । शिक्षक जब एकै प्रक्रियाबाट नियुक्त हुन्छन् तब धेरै काम एकद्वार प्रणालीबाट व्यवस्थित हुन्छ । शिक्षकमाथि हस्तक्षेप कम हुन्छ वा शिक्षकहरू बढी सक्रिय हुन पाउँछन् । नियुक्त किन गरिएको हो, त्यतातिर बढी केन्द्रित हुन पाउँछन् । अहिले अलिकति समस्या यो पनि छ कि नियुक्ति गर्ने वा गर्न लगाउनेप्रति पनि जवाफदेह हुनुपर्ने वातावरण बनाउन लागेको देखिएको छ ।

शिक्षकबारे समाजको अझै पनि मिश्रित प्रतिक्रिया रहेको छ । केही दिन पहिले शिक्षक आन्दोलन चलिरहँदा एक किसिमले समाज पनि आन्दोलित भइरहेको थियो दुई ध्रुवमा विभाजित भएर । शिक्षकको पक्ष र विपक्षमा भएर आइरहेका प्रतिक्रियाहरूले गर्दा शिक्षकमाथि अझै पनि विश्वास उत्तिकै रहेको र शिक्षकमाथि समाजको जिम्मेवारी पनि उत्तिकै रहेको स्पष्ट पारेको थियो । शिक्षकले कुनै पनि हालतमा पढाइ रोक्नुहुँदैन अर्थात् शिक्षकले पठनपाठन रोक्नुहुँदैन भन्ने भनाइ धेरैको रहेको थियो । शिक्षकको माग जायज हो वा होइन तथा शिक्षकको आन्दोलन ठीक हो वा होइन भन्ने आवाज उठिरहँदा यस्तो प्रतीत हुन्थ्यो, सम्पूर्ण समाज आन्दोलित छ । शिक्षक आन्दोलनको समयमा हाम्रो समाज जसरी वा जति शिक्षाप्रति संवेदनशील देखिएको थियो, त्यसरी नै हरेक समय सजग भइरहने हो भने शिक्षकमाथि लाग्ने गरेका अनगिन्ती आरोप आफैं हराएर जाने कुरामा विश्वस्त हुन सकिन्छ किनभने समाज शिक्षाप्रति त्यति संवेदनशील हुने हो भने पठनपाठनमा शिक्षकको कमजोरीमा निगरानी बढ्थ्यो र शिक्षक अझ जिम्मेवार हुन पाउँथे भने पठनपाठनलाई गुणस्तरीय बनाउन समाजले खेल्नुपर्ने भूमिका पनि खेल्न तयार हुन्थे । अथवा शिक्षण सुधारका लागि एउटा सार्थक बहसको शुरूआत हुन सक्थ्यो । जसले फेरि कालान्तरमा शिक्षकको गरिमा र गौरव स्थापित गर्न तथा शिक्षाको गुणस्तर बढाउन सहयोग पुग्थ्यो ।

# ५६औं वर्षमा राष्ट्रिय अभिलेखालय : बजेट, जनशक्ति र पूर्वाधार अभावले अभिलेख संरक्षणमा समस्या

काठमाडौं, १७ असोज/रासस

प्राचीन अभिलेख, महत्त्वपूर्ण ग्रन्थ तथा दस्तावेज संरक्षणाको गहन जिम्मेवारीमा रहेको राष्ट्रिय अभिलेखालय ५६औं वर्षमा प्रवेश गरेको छ ।

ऐतिहासिक र राजनीतिक महत्त्वका दुर्लभ एवं महत्त्वपूर्ण सामग्री संरक्षणको जिम्मेवारी पाएको अभिलेखालयले १८६७ सम्म हनुमानढोका दरबारको एक कोठामा राखिएका सरकारी कागजातलाई संरक्षण गर्दै आएको छ । विसं २०२४ असोज १७ गते स्थापित अभिलेखालयमा सङ्कलित ग्रन्थ एवं वस्तुको अनुसन्धान गर्न विश्वका विभिन्न संस्थाका व्यक्ति अभिलेखालय आउने गरेका अभिलेखालयका अधिकारीहरू बताउँछन् ।

अभिलेखालय भवन पुरातात्त्विक महत्त्वका सामग्री राख्न वातानुकूलित स्वरूपमा निर्माण गरिएको छ । विसं २०२४ मा भारत सरकारको सहयोगमा अभिलेखालय भवन निर्माण भएको हो । अभिलेखालयमा सातौं शताब्दीदेखिका हस्तलिखितलगायत महत्त्वपूर्ण दुर्लभ ग्रन्थ सङ्ग्रह गरी राखिएका छन् ।

नेपालको इतिहास र संस्कृतिको स्रोतका रूपमा रहेका कैयौं विधासँग सम्बन्धित अभिलेख यहाँ छन् । सातौं–



तस्वीरः फाइल

आठौं शताब्दीदेखि २०औं शताब्दीसम्मका विभिन्न भाषा, लिपि र विषयसँग सम्बन्धित ग्रन्थ, ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफु आदि अभिलेख यहाँ सङ्कलित छन् ।

अभिलेखालयमा पाँचौं शताब्दीका दश भूमिश्वर, सन् ८१० को उत्तरलिच्छवी लिपिमा लेखिएको स्कन्दपुराण, आठौं शताब्दीकै ताडपत्रमा लेखिएको सद्धर्मपुण्डरिका सूत्र, ११औं शताब्दीको ताडपत्रमा लेखिएको विनयपिटक, १२औं शताब्दीको कारण्यव्यूहसूत्र, सन् १३८० को जयस्थिति मल्लको वैधानिक कानून 'न्यायविकासिनि', नेपाल संवत् २८ को आयुर्वेदसम्बन्धी ग्रन्थ लङ्कावतार, युनेस्कोको 'मेमोरी अफ द वर्ल्ड रजिस्टर'मा सूचीकृत नवौं शताब्दीको शैवतन्त्रसम्बन्धी ग्रन्थ निश्वासतत्त्वसंहिता आदि विश्वमैं प्रसिद्धि कमाएका ग्रन्थ हुन् । संसारले नै गौरव गरेका र अमूल्य सम्पत्ति अभिलेखालयमा सुरक्षित रहेको सूचना अधिकारी कुमार श्रेष्ठले बताए ।

अभिलेखालयमा करीब ३२ हजार हस्तलिखित ग्रन्थका मूल प्रति, करीब २० हजार अभिलेख, १० हजार तिब्बती ग्रन्थ, दुई लाख ग्रन्थका माइक्रोफिल्मका प्रति र लाखौंको सङ्ख्यामा अन्य दस्तावेज सङ्कलित रहेको उनले जानकारी दिए । कुमारीचोकको भूमिसम्बन्धी कागजात, पृथ्वीनारायण शाहको दिव्योपदेशको सक्कलप्रति, भूमिसम्बन्धी पुराना तमसुकलगायत सामग्री पनि अभिलेखालयमा सुरक्षित छन् ।

अभिलेखालयमा अध्ययनका लागि अनुसन्धानकर्ता तथा विद्यार्थी आउने र प्रतिलिपि माग गर्ने गरेका छन् । यसरी प्रतिलिपि माग गर्नेको सङ्ख्या प्रत्येक दिन वृद्धि भएको छ । यहाँ आउने अनुसन्धानदाताले अभिलेख र राष्ट्रिय अभिलेखालयको महत्त्वबारे प्रचार गर्नुपर्ने, अभिलेख संरक्षणासम्बन्धी यथेष्ट जानकारी दिनुपर्ने र अध्ययन अनुसन्धानका लागि आउने स्वदेशी तथा विदेशी नागरिकलाई अभिलेखको उपलब्धता सहज बनाइनुपर्ने सुझाव दिने

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# इपिजी प्रतिवेदन सार्वजनिक गर्न विज्ञको सुझाव

काठमाडौं, १७ असोज/रासस

नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदन सार्वजनिक गर्न विज्ञहरूले सुझाव दिएका छन् । राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको बुधवार बसेको बैठकमा उनीहरूले दुई देशबीचको सीमा निर्धारण प्रक्रियालाई टुङ्गोमा पुऱ्याइ आधिकारिकता दिनुपर्ने भनाइ राखे।


तस्वीर: रासस

नेपाल-भारतबीचको सम्बन्ध, अवसर, समस्या र समाधानका विषयमा धारणा राख्दै उनीहरूले दुई देशका प्राविधिक संयन्त्रले २६ वर्ष लगाएर तयार पारेको सीमा नक्शा कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए ।

बैठकमा नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)का सदस्य एवं पूर्वजलस्रोत सचिव सूर्यनाथ उपाध्यायले विवादित क्षेत्रबाहेक सीमा निर्धारण प्रक्रियालाई टुङ्गोमा पुऱ्याइ आधिकारिता दिन संसद्मार्फत सरकारलाई सुझाव दिए । उनले भने, "सीमा निर्धारण अनुसार दशगजाको अतिक्रमण हटाउन, सम्भव भएसम्म एकातर्फी तारबार गर्न, सीमा र नियमनका सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासको परमादेश कार्यान्वयन गर्न आवश्यक छ ।"

उनले नेपालमा रहेका भारतीयको अभिलेख स्थानीय तह र सम्बन्धित प्रहरी कार्यालयले राखी प्रत्येक छ महीनामा अद्यावधिक गर्न तथा श्रम कानूनको व्यवस्था अनुसार श्रम स्वीकृतिलाई सङ्गठित र असङ्गठित दुवै क्षेत्रमा प्रभावकारीरूपमा लागू गर्नुपर्ने बताए ।

उपाध्यायले सीमानाका नियमन र व्यवस्थित नभएसम्म नेपालले लागूऔषध ओसारपोसार, मानव बेचबिखन, आपराधिक क्रियाकलापलगायत शान्ति सुरक्षासम्बन्धी चुनौतीको सामना गर्नुपर्ने अवस्था कायम रहेकाले सदनमा यस्ता विषय प्रभावकारीरूपमा उठाइनुपर्नेमा जोड दिए । नेपाल-भारतबीच आवतजावतका लागि २६ वटा नाका रहे पनि खुला सीमा रहेकाले जहाँबाट पनि सीमा पार गर्न सकिने विषयलाई दुवै पक्षले बुझ्न जरुरी रहेको उनीहरूको भनाइ छ ।

नापी विभागका पूर्वमहानिर्देशक तोयानाथ बरालले दुई देशबीचको सीमा नियमनलाई एकीकृतरूपमा व्यवस्थित गर्न आवश्यक रहेको बताए। उनले सन् १९८२ देखि २००७ सम्म २६ वर्ष लगाएर तयार गरिएको १८२ स्थानको सीमासम्बन्धी नक्शा कार्यान्वयनमा ल्याउन सरकारलाई सुझाव दिए ।

# अवरुद्ध पृथ्वी राजमार्ग खुल्यो

मलेखु (धादिङ), १७ असोज/रासस

ट्रकको ठक्करबाट दुईजना स्कूले बालकको मृत्यु भएपछि अवरुद्ध पृथ्वी राजमार्ग खुलेको छ । पढ्न गएका सिद्धलेक गाउँपालिका-६ का निर्मल श्रेष्ठ र सञ्जीव श्रेष्ठको धादिङको गजुरी गाउँपालिका-२ मलेखुस्थित मजुवामा आज बिहान ट्रकको ठक्करबाट घटनास्थलमैं मृत्यु भएपछि क्षतिपूर्तिको माग राख्दै विद्यार्थी, आफन्त तथा स्थानीय बासिन्दाले राजमार्ग बन्द गरेका थिए ।

काठमाडौंबाट चितवनतर्फ जाँदै गरेको प्रदेश ०२-००१ ख ६४१३ नम्बरको ट्रकको ठक्करबाट बागेश्वरी माविमा कक्षा ८ मा अध्ययनरत दुईजना बालकको मृत्यु भएपछि सडक अवरुद्ध गर्ने विद्यार्थी, स्थानीयवासी तथा मृतकका आफन्त र प्रहरीबीच छलफल भई राजमार्ग सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवालले बताए । विद्यालयले विद्यार्थीका लागि बसको व्यवस्था गर्ने र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाउने सहमतिमा राजमार्ग सञ्चालन गरिएको हो । ट्रक चालक रौतहट, चन्द्रपुर नगरपालिका-२ का ४१ वर्षीय अशोक बमजन प्रहरीको नियन्त्रणमा रहेका छन् ।

# जानकारी दिनका लागि सूचनापाटी राख्न स्वास्थ्य मन्त्रालयको निर्देशन

काठमाडौं, १७ असोज/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थालाई स्वास्थ्यकर्मीको सुरक्षामा अवरोध पुऱ्याउने र हातपात गर्नेमाथि हुने कारबाईबारे स्थायी सूचना बोर्ड राख्न निर्देशन दिएको छ ।



तस्वीर: फाइल

मन्त्रालयले बुधवार एक सूचना जारी गर्दै कम्तीमा छ फिट उचाइ र चार फिड चौडा स्थायी सूचनापाटी राख्न आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार उक्त पाटीमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ को दफा (३)मा व्यवस्था भए अनुसार हातपात, तालाबन्दी तथा तोडफोडजस्ता कार्य गर्न नहुने व्यवस्थासँगै दफा १५ मा व्यवस्था भएको कसूर र सजायको व्यवस्थाबारे जानकारी उल्लेख गर्नुपर्नेछ ।

उनले स्वास्थ्यकर्मीको सुरक्षामा अवरोध पुऱ्याउने र हातपात गर्नेमाथि कारबाई गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

उपचारमा लापरवाही भएको शङ्का लागेमा सम्बन्धित संस्थाको प्रमुख वा जिल्ला प्रशासन कार्यालय वा नेपाल मेडिकल काउन्सिल तथा मन्त्रालयमा निवदेन दिन सकिने जारी सूचनामा बताइएको छ ।

ऐन अनुसार स्वास्थ्य संस्थामा आगजनी गरे दुईदेखि पाँच वर्षसम्म कैद वा रु दुई लाखदेखि रु पाँच लाखसम्म जरिवाना वा दुवै हुने व्यवस्था छ । स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानिनोक्सानी पुऱ्याएमा र स्वास्थ्यकर्मी/कर्मचारीलाई कुटपिट वा शारीरिकरूपमा चोट पुऱ्याए तीन वर्षसम्म कैद वा रु तीन लाख जरिवाना वा दुवै सजाय हुन सक्छ ।

यस्तै, स्वास्थ्य संस्थामा तालाबन्दी वा घेराउ गर्ने, उपचारका लागि आएका वा उपचाररत बिरामीलाई बाधा पुऱ्याए र स्वास्थ्यकर्मी वा कर्मचारीलाई हातपात गरे एक वर्षसम्म कैद वा रु एक लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङले शुरू गरेको ट्राफिक सप्ताहको उद्घाटन समारोहमा ट्राफिक सचेतना नृत्य प्रस्तुत गर्दै घोराहीस्थित गोरखा माविका विद्यार्थी । तस्बिर : रञ्जीता अधिकारी/रासस

# यस वर्षको भिटामिन "ए" कार्यक्रम कात्तिक १७ र १८ गते

काठमाडौं, १७ असोज/रासस

सरकारले बालबालिकालाई यस वर्षको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम आगामी कात्तिक १७ र १८ गते सञ्चालन गर्ने भएको छ ।

आर्थिक वर्ष २०८०/८१ को नियमितरूपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दशैं परेकोले कात्तिकको १७ र १८ गते सञ्चालन गर्ने स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए । उनका अनुसार भिटामिन 'ए' क्याप्सुल छ महीनादेखि ५९ महीनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइनेछ ।


तस्वीर: फाइल

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भिटामिन 'ए' कार्यक्रम सफल बनाउनका लागि सातवटै प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई परिपत्र गरिसकेको छ । दोस्रो चरणमा भिटामिन 'ए' कार्यक्रम वैशाखमा महीनामा गर्ने गरिएको छ । भिटामिन 'ए' करीब २७ लाख बालबालिका र जुकाको औषधि करीब २४ लाख बालबालिकालाई खुवाइने शाखाले जनाएको छ ।

सरकारले बालबालिकामा हुन सक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो । सरकारले प्रत्येक आर्थिक वर्षमा कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निश्शुल्क खुवाउने गरेको छ ।

# गाडी पल्टिँदा एकजनाको मृत्यु

हेटौंडा, १७ असोज/रासस

मकवानपुरको बकैया गाउँपालिकामा दूध बोक्ने गाडी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । आज बिहान बकैया गाउँपालिका-५ सिरपुर ओरालोमा दूध बोक्ने गाडी ना.१घ ५४४ लगभग दुई सय मिटर तल खस्दा चालक हेटौंडा उपमहानगरपालिका-९ लामसुरेका सिद्धान्त लामाको मृत्यु भएको हो ।

बाग्मती गाउँपालिकाका अध्यक्ष सर्केस घलानले आफ्नै अगाडि गाडी पल्टिएको र तत्कालै उद्धार गरेर चालक लामालाई अस्पताल पुऱ्याउँदा हेटौंडा अस्पतालका चिकित्सकले मृत्यु भइसकेको घोषणा गरेको जानकारी दिए । उनका अनुसार सोही स्थानका सहचालक प्रेम अधिकारीको अस्पतालमा उपचार भइरहेको छ ।

अध्यक्ष घलानले नेकपा माओवादी केन्द्रको बाग्मती गाउँपालिका अध्यक्ष अरुण बल, पालिकाका कृषि शाखा प्रमुख वीरेन्द्र समालसहित हेटौंडा जाँदै गर्दा उक्त गाडी खसेपछि प्रहरी चौकीमा जानकारी गरी उद्धारमा खटिएको जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय, मकवानपुरका अनुसार दूध लिनका लागि हेटौंडाबाट बकैया गाउँपालिकातर्फ गइरहेको गाडी ओरालोमा अनियन्त्रित भएर सडकबाट करीब दुई सय मिटर तल खसेको थियो ।

# तीन दिनसम्म हल्कादेखि मध्यम वर्षा

काठमाडौं, १७ असोज/रासस

बुधवार देशभर आंशिकदेखि सामान्य बदली रही गण्डकी, लुम्बिनी, कोशी र बाग्मती प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।


तस्वीर: फाइल

आज देशभर आंशिकदेखि सामान्य बदली रहने महाशाखाले जनाएको छ । कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको हो ।

आगामी २४ घण्टाका लागि गण्डकी, लुम्बिनी, कोशी र बाग्मती क्षेत्रबाट बहने नदीको जल सतह हल्का बढ्न सक्ने, बाढीपहिरो, भूक्षय तथा चटचाङको सम्भावना रहेकोले जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायात प्रभावित हुन सक्ने भन्दै आवश्यक सावधानी अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

नेपालमा हाल भारतको झारखण्ड आसपासका क्षेत्रमा रहेको न्यून चापीय क्षेत्रको प्रभावका कारण मौसम बदली रहेको महाशाखाले उल्लेख गरेको छ । साथै कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले मौसम पूर्वानुमान बुलेटिन प्रकाशित गरी जनाएको छ ।

आज राति देशभर आंशिकदेखि सामान्य बदली रहनुका साथै कोशी, मधेस र बाग्मती प्रदेशका केही र बाँकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। साथै कोशी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको उक्त बुलेटिनमा जनाइएको छ ।

त्यस्तै, असोज १८ गते (बिहीवार) कोशी, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहनेछ। कोशी, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

बिहीवार राति कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहने मौसम पूर्वानुमान महाशाखाले सूचनामा प्रकाशित गरेको छ । कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन र चटचाङसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

असोज १९ गते (शुक्रबार) कोशी, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहनेछ ।

कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन र चटचाङसहित हल्का वर्षाको सम्भावना रहेको छ । सोही राति कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहनेछ ।

# नेप्से परिसूचकमा सुधार

काठमाडौं, १७ असोज/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। बुधवार नेप्से परिसूचक नौ दशमलव २४ अङ्कले बढेर एक हजार ९६७ दशमलव ९७ को बिन्दुमा कायम भएको हो ।

आज २८४ कम्पनीका ४३ लाख २३ हजार २१ कित्ता शेयर ५८ हजार ७४१ पटक खरीद-बिक्री हुँदा रु एक अर्ब १८ करोड ९९ लाख ३१ हजार ३८५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बैंकिङ समूहको उपसूचक सामान्य अङ्कले घटेको छ भने अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ५२ र जलविद्युत् समूहको उपसूचक एक दशमलव ३७ प्रतिशतले बढेका छन्।

मध्यभोटेकोशी जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ६१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु छ करोड ९३ लाख ६३ हजार १२२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै नबिल ब्यालेन्स फन्ड-२ को तीन लाख १५ हजार ४२२ कित्ता शेयर किनबेच भएका छन् ।

# एमसिसीले आर्थिक विकासको ढोका खोल्ने प्रधानमन्त्रीको विश्वास

काठमाडौं, १७ असोज/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संयुक्त राज्य अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)ले नेपाल र अमेरिकाबीच आर्थिक साझेदारीको नयाँ ढोका खुलेको बताएका छन्।

एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा बुधवार काठमाडौं आयोजित कार्यक्रममा प्रधानमन्त्रीले परियोजना कार्यान्वयनबाट नेपालको व्यापार सञ्जाललाई एशियाका विशाल अर्थतन्त्र भएका मुलुकसँग जोड्ने र देशको आर्थिक वृद्धि तथा गरीबी घटाउन महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे। प्रधानमन्त्री प्रचण्डले भने, "नेपालको सामाजिक–आर्थिक विकासमा निरन्तर सहयोग गरेकामा अमेरिकी सरकारप्रति धन्यवाद व्यक्त गर्छु।"

एमसिसी परियोजना पूरा भएपछि नेपालको समग्र अर्थतन्त्र सुदृढ बन्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले नेपालको विकासमा अमेरिकाको सहयोग महत्त्वपूर्ण रहेको उल्लेख गरे। उनले यस परियोजनाले नेपालमा भरपर्दो विद्युत् सेवा र सडक सञ्जालको निर्माण हुने विश्वास व्यक्त गर्दै विद्युत् प्रसारण लाइन बनेपछि बिजुली निर्यात सहज हुने र त्यसले देशको आर्थिक उन्नयनमा योगदान गर्ने बताए।

अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको विकासमा सघाउने एमसिसी कार्यान्वयनबाट उन्नत सडक एवं भरपर्दो



एमसीसी नेपाल परियोजना शुभारम्भ भएको अवसरमा बुधवार आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'। तस्वीरः रासस

(बाँकी पाँचौं पातामा)

## ५६औं वर्षमा राष्ट्रिय ...

गर्छन्।

अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली, २०६३ ले राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजातलाई अभिलेखका रूपमा व्यवस्थित एवं सुरक्षित तरीकाले राख्ने कानूनी अधिकारप्राप्त एकमात्र सरकारी निकाय अभिलेखालय हो भनेको छ।

**सरकारी कार्यालयका २५ वर्ष पुराना दस्तावेज प्राप्त भएनन्**

ऐन अनुसार सरकार अन्तर्गतका कार्यालयमा सिर्जना भएका २५ वर्ष पुगेका राष्ट्रिय महत्त्वका कागजात अभिलेखालयमा पठाउनुपर्ने प्रावधान छ। यो कानूनी व्यवस्थाको ज्ञान नहुँदा वा ध्यान नदिंदा ती कागजपत्र नगण्य मात्रामा मात्र आउने गरेको अभिलेखालयकी अनुसन्धान अधिकृत मनीता न्यौपानेले बताउँछिन्।

प्राप्त भएका अभिलेख पनि निकै जीर्ण र अव्यवस्थितरूपमा आउने गरेको उनको भनाइ छ। अभिलेखालयमा अभिलेख आउनुपूर्व सुरक्षित र संरक्षण होस् भन्ने उद्देश्यले महत्त्वपूर्ण कागजात धेरै हुने मन्त्रालय, विभाग र कार्यालयसँग समन्वय गरी ती निकायका प्रतिनिधिलाई सहभागी गराएर अभिलेख अध्ययन तथा व्यवस्थापनसम्बन्धी गोष्ठी तथा तालीम सञ्चालन गर्ने गरिएको छ।

अभिलेखालयले व्यक्तिगत सङ्कलनमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्त्वका कागजात सङ्ग्रहमा वृद्धि गर्ने उद्देश्यले विभिन्न स्थानमा गएर अभिलेख जम्मा गरी दातालाई प्रोत्साहन र कदरस्वरूप प्रशंसापत्र दिने गरेको छ।

अभिलेखालयले स्वदेश तथा विदेशमा रहेका नेपालसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका अभिलेख सङ्कलन गरी अन्तर्राष्ट्रिय सङ्कलन केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। महत्त्वपूर्ण ऐतिहासिक महत्त्वका केही अभिलेख विभिन्न देशका अभिलेखालय तथा सङ्ग्रहालयको सङ्कलनमा रहेका छन्। त्यस्ता अभिलेख सम्भव भएसम्म फर्काउने र नभए प्रतिलिपि ल्याउने प्रयास भइरहेको महानिर्देशक डा सुरेशसुरस श्रेष्ठले बताए।

हाल जर्मनी, अमेरिका, जापान, कोरिया, थाइल्यान्ड, चीन, भारत र बङ्गलादेशलगायत देशबाट अभिलेख अध्ययन तथा अनुसन्धानको माग हुँदै आएको छ। यस्ता अनुसन्धानदातालाई प्रोत्साहित गर्न सेवाप्रवाहको स्तरमा अझ व्यापक सुधार गरी अभिलेखालयलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्न आवश्यक देखिएको अभिलेखालयको स्तरोन्नतिमा लागिपरेका योगी अमरनाथ बताउँछन्।

जीर्ण अभिलेख संरक्षण गरी सेवाग्राहीको माग अनुसार अभिलेखमा भएका भाषा तथा लिपिको अध्ययन गरी भाषान्तर र लिप्यान्तर गर्ने काम निरन्तररूपमा भइरहेको छ। आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था गरी अभिलेखको संरक्षणका अतिरिक्त यसै क्षेत्रको एक तालीम केन्द्रका रूपमा पनि विकास गर्न सकिने सम्भावना देखिन्छ।

सङ्ग्रहित मूल दस्तावेजलाई सुरक्षित गरी देशका विभिन्न क्षेत्रको अध्ययन, अनुसन्धान तथा सरोकार भएका निकायको सहज पहुँच पुऱ्याउन अभिलेखलाई विद्युतीय प्रतिमा लैजाने काम शुरू भएको छ। समयसँगै अभिलेखालयलाई श्रव्यदृश्य तथा विद्युतीय अभिलेख केन्द्रका रूपमा विकास गर्ने सोच रहेको जनाइएको छ।

यो भवनसँगै पुराना कागजातको माइक्रोफिल्म गरेर सुरक्षित राख्ने अर्को भवन छ। यो भवन विसं २०५१ मा जर्मनी सरकारको सहयोगमा निर्माण भएको हो। हाल पुरातत्त्व विभाग रहेको भवनसमेत अभिलेखालयकै हो। विसं २०३० मा आगलागी भएपछि विभाग अभिलेखालयको भवनमा सारिएको हो।

अभिलेखालयको महत्त्व बढाउने उद्देश्यले यसलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत राख्ने गरी गृहकार्यसमेत भइरहेको छ। यसका लागि संस्कृति मन्त्रालयका सचिवको नेतृत्वमा समिति गठन गरिएको छ। समितिले प्रतिवेदन बुझाउने तयारी गरिरहेको जनाइएको छ।

**अभिलेख एवं पुस्तक प्रदर्शनी**

अभिलेखालयले ५६औं वार्षिकोत्सवको अवसर पारेर आजदेखि साताव्यापी अभिलेख एवं पुस्तक प्रदर्शनीको आयोजना गरेको छ। प्रदर्शनीमा ३० थान अभिलेख र करीब सयथरीका पुस्तक राखिएका छन्। प्रदर्शनीमा अवलोकनकर्ताको आजैदेखि भीड लागेको छ। प्रदर्शनी असोज २३ गतेसम्म अभिलेखालय परिसरमा सञ्चालन हुनेछ।

यसै अवसरमा अभिलेखालयले त्रिभुवन विश्वविद्यालयको संस्कृति विभागलाई आजै पुस्तक हस्तान्तरण गरेको छ। संस्कृति विभागलाई अभिलेखालयका प्रकाशन आवश्यक पर्ने हुनाले प्रदान गरिएको हो।

वार्षिकोत्सवका अवसरमा बजेट नभएर औपचारिक कार्यक्रम गर्न नसकेर अनौपचारिक कार्यक्रम गरेको सूचना अधिकारी श्रेष्ठले बताए। कार्यालयलाई विकास बजेटका लागि रु दुई करोड दिइएको छ। अभिलेखालयमा जनशक्ति र भौतिक पूर्वाधारको समेत कमी छ। हाल अभिलेखालयमा करारसमेत ३२ जना मात्र कर्मचारी कार्यरत छन्। अभिलेखालयको आफ्नै भवन भएपनि माथिल्ला दुई तला पुरातत्त्व विभागले प्रयोग गर्दा समस्या भएको हो। विभागलाई अन्यत्र सार्न पटकपटक सरकारलाई आग्रह गरिआएको अभिलेखालयले जनाएको छ।


उपल्लो डोल्पास्थित शे–फोक्सुण्डो गाउँपालिकाभित्र पर्ने फोक्सुण्डो ताल। यो तालले रङ्ग बदल्ने गर्छ। तस्विर: रासस

## फरक समाचार

### ब्लड क्यान्सरको कारण मधुमेह पनि हुन सक्छ

मधुमेह रोग एउटा ठूलो समस्या बन्दै गइरहेको छ र हरेक वर्ष मधुमेहका रोगी पनि बढ्दै छन्। हालै गरिएको अध्ययन अनुसार मधुमेह भएका व्यक्तिलाई ब्लड क्यान्सर हुने खतरा बढी रहन्छ।



अनुसन्धानमा भनिएको छ, मल्टिपल मायलोमाका बिरामीलाई मधुमेह थियो र उनीहरूमा क्यान्सरको सेल्स तीव्र गतिले बढेको थियो। मल्टिपल मायलोपाको कारण ब्लड क्यान्सर हुने खतरा रहन्छ। मधुमेहका जुन रोगीमा मल्टिपल मायलोमा थियो, उनीहरूमा ब्लड क्यान्सरको मामिला देखिएको थियो। यो अनुसन्धान ब्लड एडभान्सेज जर्नलमा प्रकाशित छ।

मेमोरियल केटरिङ क्यान्सर केन्द्रका डा उर्वी शाहले मधुमेहबाट पीडित व्यक्तिमा मल्टिपल मायलोमा थियो र उनीहरूको मृत्युदर बढी देखियो। मधुमेहका रोगीको इम्युनिटी कमजोर हुन्छ। यस्तोमा क्यान्सरको खतरा बढी रहन्छ। यस रिसर्चमा मल्टिपल मायलोमा भएका करीब छ हजार व्यक्तिमाथि अनुसन्धान गरिएको थियो। अनुसन्धानमा सहभागी १६ प्रतिशत रोगीलाई मधुमेह थियो। भारतमा ब्लड क्यान्सरबाट हरेक वर्ष ५० हजार व्यक्तिको मृत्यु हुन्छ। अमेरिका र चीनपछि सबैभन्दा बढी भारतमा ब्लड क्यान्सरको मामिला देखिएको छ। ब्लड क्यान्सरको अधिकांश मामिलामा जेनेटिक कारण हुन्छ। जेनेटिक कोडमा म्युटेशनको कारणले यस्तो हुन्छ। ब्लड क्यान्सर हुनुको एउटा कारण बोन मैरोको फक्शनमा गडबडी पनि हो।

बोन मैरोमा जब सामान्य कोशिका कम बन्न थाल्छ तब ब्लड क्यान्सर हुन्छ। यस क्यान्सरको मामिला बच्चामा धेरै देखिएको छ। ब्लड क्यान्सरबाट बचाउन चिकित्सकले बोन मैरो ट्रान्सप्लान्ट गर्ने सल्लाह दिन्छन्। यद्यपि यस ट्रान्सप्लान्टको लागि दाता सजिलै पाइँदैन। त्यसकारण ब्लड क्यान्सरका रोगीहरूले सहजै उपचार पाउँदैनन्।

### १५ मिनेटमैं चश्माबाट छुटकारा

आजको जमानामा ससाना बालबालिकाले पनि चश्मा लगाउनुपरेको छ। आइसाइट कम भएपछि चश्माको सहारा लिनुपर्छ। लामो समयसम्म चश्मा लगाउन पनि अप्ठेरो हुने गर्छ। कुनै बेला चश्मा घरमा छुट्दा झनै अप्ठेरो हुने गर्छ।

यदि तपाईं पनि चश्माबाट छुटकारा पाउन चाहनुहुन्छ भने नेत्र विशेषज्ञसँग



सम्पर्क गर्नुपर्छ। भारत, नयाँ दिल्लीको सिरी फोर्टस्थित भिजन आइ सेन्टरका मेडिकल डाइरेक्टर डा तुषार ग्रोवरका अनुसार चश्मा हटाउन तीनवटा प्रविधिको प्रयोग गरिन्छ। यी सबै सर्जिकल प्रोसेस हुन्छ र मेशिनको सहायताबाट आँखाको नम्बर हटाइन्छ। पहिलो प्रविधि लेसिक हो, जसमा लेजर सर्जरीको माध्यमबाट कोर्नियालाई पातलो गरिन्छ। यस्तो गर्दा व्यक्तिको दृष्टि सही हुन्छ र चश्माको नम्बर हट्छ।

दोस्रो प्रविधि लेन्टिक्युल बेस्ट प्रोसिजर हो। यसमा स्माइल क्लियर जस्तो अलग–अलग टेक्निक प्रयोग गरिन्छ। व्यक्तिको कोर्नियामा लेजरको मदतबाट लेन्टिक्युल बनाइन्छ र त्यसलाई बाहिर निकालिन्छ। लेजर आई सर्जरीको तेस्रो प्रविधि फेकिक आइओएल हो। यसमा चश्मा हटाउनको लागि व्यक्तिको आँखाभित्र प्राकृतिक लेन्समाथि एउटा अर्को लेन्स लगाइन्छ।

डा तुषारका अनुसार कुनै पनि व्यक्तिको आँखा शल्यक्रिया गरेर चश्मा हटाउनुभन्दा पहिले स्क्रिनिङ गरिन्छ। यसमा कोर्नियाको थिकनेस, कोर्नियाको शेप, मजबूती, आँखाको सुक्खापन र रेटिनाको टेस्ट हुन्छ। यसबाट व्यक्तिको आँखाको शल्यक्रिया गर्न सकिन्छ कि सकिंदैन भन्नेबारे जाँच हुन्छ। साथै शल्यक्रियाको लागि कस्तो प्रविधि प्रयोग गर्नुपर्छ त्यो पनि पत्ता लाग्छ। स्क्रिनिङपछि व्यक्तिको अवस्था अनुसार प्रविधि प्रयोग गरेर चश्मा हटाइन्छ। लेजर आई सर्जरीको तीनवटै उपाय निकै सुरक्षित हुन्छ। चश्मा हटेपछि साइड इफेक्ट निकै कम हुन्छ।

आँखाको शल्यक्रियाको लागि व्यक्तिको उमेर कम्तीमा पनि १८ वर्ष हुनुपर्छ। यसभन्दा कम उमेरको व्यक्तिको शल्यक्रिया गरिंदैन किनभने यस उमेरमा चश्माको नम्बर बदलिरहन्छ। १८ वर्षपछि चश्माको नम्बर स्थिर हुन्छ अनिमात्र शल्यक्रिया गरिन्छ। यदि अधिकतम उमेरको कुरा गर्दा ४५ वर्षसम्म उमेर पुगेका व्यक्तिले शल्यक्रिया गराउन सक्छन्। यसभन्दा बढी उमेरको व्यक्तिको शल्यक्रिया हुँदैन।

### नम्बर सेभ नगरी ह्वाट्सएपमा म्यासेज कसरी पठाउने

ह्वाट्सएपमा कसैसँग च्याट गर्नुभन्दा पहिले उसको नम्बर सेभ गर्नुपर्छ। तर यदि तपाईं ह्वाट्सएपमा नम्बर सेभ नगरी च्याट गर्न चाहनुहुन्छ भने त्यसको लागि ह्वाट्सएपको म्यासेज योरसेल्फ फिचर प्रयोग गर्नुपर्छ।




सबैभन्दा पहिले ह्वाट्सएपमा आफ्नो मोबाइल नम्बर सेभ गर्नुस्। त्यसपछि न्यु च्याटको बटन थिच्नुस्। सेभ नगरी जसलाई म्यासेज पठाउनु छ उसको नम्बर टाइप गरेर आफूलाई नै म्यासेज पठाउनुस्। अब म्यासेज पठाएको नम्बरमा क्लिक गर्नुस् र त्यहाँ चयाट विथ नम्बर, कल अन ह्वाट्सएप र एडेड कन्टयाक्ट भन्ने तीनवटा अप्सन आउँछन्। यसरी सेभ नै नगरी नम्बरमा म्यासेज पठाउन सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी सभामुख म्याककार्थीलाई पदबाट हटाइयो



वाशिङ्टन, १७ असोज/एपी

अमेरिकी इतिहासमा पहिलोपटक अमेरिकाको तल्लो सदन (हाउस अफ रिप्रेजेन्टेटिभ)का सभामुख केभिन म्याककार्थीलाई पदबाट हटाइएको छ।

कुनै पनि हालतमा राजीनामा नदिने भन्दै आएका म्याककार्थीका लागि यसबाहेक कुनै विकल्प बाँकी थिएन।

उनलाई निष्कासन गर्ने रिपब्लिकनहरू उनको पक्षमा थिएनन् भने डेमोक्र्याट सांसदहरू पनि उनलाई पदमा राखिरहन वार्ताका लागि तयार थिएनन्।

मङ्गलवार बेलुका सांसदहरूलाई उनले सभामुखका लागि फेरि उम्मेदवार नबन्ने बताएका थिए। रिपब्लिकनहरूको बहुमत रहेको तल्लो सदनलाई नेतृत्व गर्ने स्पष्ट उत्तराधिकारी नहुँदा अर्को चरण थप अन्योल भएको छ।

रिपब्लिकनहरूले अर्को सभामुख चयन नगरुन्जेल सदनको कारबाई अर्को सातासम्मका लागि स्थगित गरिएको छ।

"मैले मतदानमा बहुमत गुमाएको हुन सक्छ तर यो कक्षबाट बाहिर निस्कँदा सभामुख पदको सेवा गर्न पाएकामा आफूलाई भाग्यमानी महसूस गरेको छु," पत्रकार सम्मेलनमा म्याककार्थीले भने, "म केही पनि परिवर्तन गर्दिनँ।"

म्याककार्थीका मुख्य प्रतिद्वन्द्वी फ्लोरिडा राज्यका रिपब्लिकन सांसद म्याट गेट्जले सभामुख पद खाली गराउन दुर्लभ मतदानको व्यवस्था गरे र नाटकीयरूपमा दिउँसो त्यसलाई अगाडि बढाएका थिए।

गत जनवरीमा रिपब्लिकनहरूको झिनो बहुमतमा म्याककार्थी सभामुख बनेका थिए। त्यति बेला उनलाई सभामुख बन्न रोक्न खोज्ने आठजना कट्टर दक्षिणपन्थी रिपब्लिकनहरूले यसपटक अनिवार्यरूपमा सभामुखबाट हटाए।

बैठकको अध्यक्षता गरेका अधिकारीले म्याककार्थीका पक्षमा २१० र विपक्षमा २१६ मत आएको भन्दै सभामुख पद रिक्त भएको घोषणा गरेका थिए।

त्यसको केही समयमा म्याककार्थीका शीर्ष सहयोगी रिपब्लिकन सदस्य प्याट्रिक म्याकहेनरी आर एन सीलाई सदनको नियमानुसार अर्को सभामुख चयन नभएसम्मका लागि काम गर्न नियुक्त गरियो। रासस

## बस दुर्घटनामा २१ जनाको मृत्यु

रोम, १७ असोज/एपी

इटालीको भेनिसमा मङ्गलवार राति बस दुर्घटना हुँदा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन्। मृत्यु हुनेमा दुईजना बालबालिका छन्।

अग्निशमनकर्ता र उद्धार दलले बसबाट शव निकालेका र आगो निभाएका थिए।

भेनिसका एक अधिकारीका अनुसार युक्रेनीसहित विदेशी पर्यटक बोकेको बस मार्घेरा समुदाय रहेको स्थलतिर जाँदै गर्दा मेस्त्रे शहरको सडकमा दुर्घटना भएको थियो।

भेनिसका अग्निनियन्त्रक टोलीका कमान्डर माउरो लुओन्गोका अनुसार बसमा सवार यात्रीहरू आगोमा फसेका थिए। दृश्य अति नै दर्दनाक थियो, बसबाट शव निकाल्न करीब एक घण्टा लागेको थियो।

भेनिसको पुरानो तथा ऐतिहासिक शहरबाट नौ किलोमिटर उत्तरपश्चिममा भएको दुर्घटनामा घाइतेमध्ये चारजनाको अवस्था चिन्ताजनक रहेको भेनिस शहरका अधिकारी रेनाटो बोरासोले जानकारी दिए। उनका अनुसार घाइतेलाई उपचारका लागि जिल्लाका विभिन्न पाँच अस्पतालमा पुऱ्याइएको थियो।

स्थानीय सञ्चारमाध्यमका अनुसार बस मेस्त्रेको रेलवे ट्र्याकनजीकै दुर्घटनामा पर्दा केही तल खसी आगलागीसमेत भएको थियो। "यो अत्यन्त दुःखदायी हो, तर यो कसरी भयो भन्नेबारे थाहा पाउन कठिन छ," भेनेटो क्षेत्रका गभर्नर लुका जाइयाले भने, "नयाँ र विद्युतीय बस तथा समस्यारहित सडक हुँदाहुँदै पनि भएको दुर्घटनाले त्रासदि फैलिएको छ।" रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | धनखति |
| मिथुन | भाग्योदय | कर्कट | अलमल |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | राज्यभय | वृश्चिक | रोगभय |
| धनु | यात्रालाभ | मकर | शत्रुभय |
| कुम्भ | कार्यनाश | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## बाढीमा २३ भारतीय सैनिक बेपत्ता

गुवाहाटी, भारत, १७ असोज/एएफपी

उत्तरपूर्वी सिक्किम प्रान्तमा भीषण वर्षाका कारण आएको शक्तिशाली बाढीमा २३ सैनिक बेपत्ता भएका भारतीय सेनाले बताएको छ।

"उत्तर सिक्किमको ल्होनाक तालमा अप्रत्याशितरूपमा बादल फाट्दा टिस्टा नदीमा बाढी आयो, २३ जना सैनिक बेपत्ता भएका र केही सवारीसाधन डुबेका खबर छ"–सेनाले भनेको छ–"खोजी कार्य जारी छ।"

उक्त दुर्गम क्षेत्र नेपालसँग भारतको सीमानजीक पर्छ। साथै ल्होनाक ताल विश्वको तेस्रो सबैभन्दा अग्लो हिमाल कञ्चनजङ्घालाई घेरेको हिउँको चुचुरोमा रहेको हिमनदीको फेदमा अवस्थित छ।

चुङ्थाङ बाँधभन्दा माथि पानी छोडिएका कारण सामान्य अवस्थाभन्दा पानीको सतह पहिले नै १५ फिटमाथि रहेको सेनाले बताएको छ।

भारतीय सेनाका प्रवक्ताले जारी गरेको एउटा भिडियोमा जङ्गली क्षेत्रमा पानीको तीव्र धारले सडकहरू बगाएका र बिजुलीका तारहरू चुँडाएका देखाइएको छ। सामान्यतया भारतमा जूनदेखि शुरू भएर सेप्टेम्बरमा सकिने मनसुनको समयमा अचानक बाढी आउनु सामान्य हो। अक्टोबरसम्म मनसुनी वर्षा सामान्यतया सकिसकेको हुन्छ। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**झरीमा मकै बेच्दै वृद्ध:** वीरगंज-१३ को सडकछेउमा बुधवार झरीको समयमा मकै बेच्दै एकजना वृद्ध। मकैको एउटा बाला पोलेर रु २०-२५ मा बिक्री हुन्छ। तस्वीर: राहुल गुप्ता

### एमसिसीले आर्थिक विकास ...

विद्युत् आपूर्ति भई नेपाली जनता लाभान्वित हुने बताए। उनले परियोजनामा नेपाल सरकारको समेत लगानी रहेकाले परियोजना कार्यान्वयनमा अवरोध गर्न नहुनेमा जोड दिंदै सरकारका तर्फबाट परियोजना सम्पन्न गर्न हरसम्भव सहयोग हुने प्रतिबद्धता व्यक्त गरे।

एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस पी अल्ब्राइटले नेपालको आर्थिक विकासको मेरुदण्डका रूपमा एमसिसी परियोजनाले योगदान गर्ने विश्वास व्यक्त गर्दै नेपाल सरकारसँगको सहकार्यमा परियोजना विकास गरिएको स्पष्ट गरिन्।

परियोजनाका कार्यक्रम र लक्ष्यमा दुवै पक्षको समान स्वामित्व रहेको उनले स्पष्ट गरिन्।

परियोजनाको सफल कार्यान्वयनका निम्ति आफू प्रतिबद्ध साझेदारका रूपमा उभिएको उल्लेख गर्दै उनले नेपाल सरकारको नेतृत्व र यस कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार निकाय एमसिए–नेपालप्रति आफू पूर्ण विश्वस्त रहेको बताइन्।

नेपालका लागि अमेरिकी राजदूत डीन आर थम्सनले एमसिसी नेपाल कम्प्याक्ट नेपाली जनताको आर्थिक विकासमा सहयोग गर्ने महत्त्वपूर्ण अमेरिकी प्रयास भएको उल्लेख गर्दै नेपाल र अमेरिकाको ७६ वर्ष पुरानो सम्बन्धमा यो एउटा महत्त्वपूर्ण कोसेढुङ्गा भएको बताए।

आफ्नो तीन दिने नेपाल भ्रमणका क्रममा एमसिसीका प्रमुख कार्यकारी अधिकृत अल्ब्राइटले कम्प्याक्ट कार्यान्वयनसँग सम्बद्ध नेपाल सरकारका उच्च राजनीतिक अधिकारी एवं विभिन्न सरोकारवालासँग भेट्नुका साथै जलवायु संरक्षणको महत्त्वमाथि जोड दिन वृक्षारोपण कार्यक्रममा समेत सहभागी भएकी थिइन्। उनले नागरिक समाजका विभिन्न सदस्यहरू तथा युवा उद्यमीहरूसँग अन्तर्क्रिया गर्नुका साथै जलविद्युत् उत्पादनमा संलग्न उद्यमीहरूसँग अनुभव आदानप्रदान गर्दै नेपालको आर्थिक विकासमा कम्प्याक्टले गर्ने योगदानमाथि प्रकाश पारेकी थिइन्।

नेपाल सरकार तथा एमसिसीबीच नेपालमा विद्युत् आपूर्तिको विश्वसनीयतामा वृद्धि गर्ने विद्युत् प्रसारण आयोजना र यातायातको लागत घटाउने सडक मर्मत आयोजनाका लागि आर्थिक सहयोगसम्बन्धी सम्झौता एमसिसी नेपाल कम्प्याक्टमा २०७४ भदौ २९ गते हस्ताक्षर भएको थियो।

अमेरिकी अनुदान कार्यक्रममार्फत नेपाल सरकार र एमसिसीले नेपाली जनताका लागि सडक सुधार गर्ने र स्वच्छ तथा सुपथ विद्युत्मा भरपर्दो पहुँच बढाउने गरी तर्जुमा गरिएका परियोजनामार्फत मुलुकको ऊर्जा र यातायात क्षेत्रलाई सुदृढ तुल्याउने अपेक्षा गरिएको छ।

लामो बहसपछि संसद्ले गत वर्ष मात्र यस सम्झौतालाई व्याख्यात्मक घोषणासहित अनुमोदन गरेको थियो। एमसिसी नेपाल कम्प्याक्ट अन्तर्गत बन्ने विद्युत् प्रसारण लाइन र सडक आयोजनाको काम शुरू भएको मितिले पाँच वर्षभित्रमा सम्पन्न गरिसक्नुपर्नेछ।

अर्थमन्त्री डा महत र एमसिसीका कम्प्याक्ट कार्यसञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामरोन अल्फोर्डले गत भदौ १३ गते पाँच वर्षे परियोजना कार्यान्वयन चरणमा प्रवेश गरेको घोषणा गर्दै त्यससम्बन्धी सहमतिपत्र आदानप्रदान गरेका थिए।


### ठोरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेस प्रदेश, नेपाल

## करारमा सेवा लिनेसम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/०६/१८

ठोरी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा रिक्त रहेका तपसिलका पदहरूमा करार सेवामा शिक्षक तथा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले दस्तुर तिरेको रसीद र तोकिएको कागजातसहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम र अन्य जानकारी गाउँ कार्यपालिकाको कार्यालय घ्याङडाँडाबाट प्राप्त हुनेछ।

| क्रसं | विज्ञापन नं | पद | तह | विषय | प्रकार | शैक्षिक योग्यता | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १२–२०८०/०८१ | शिक्षक | उमावि | विज्ञान | उमावि अनुदान | केमेस्ट्री विषयमा स्नातकोत्तर उत्तीर्ण | १ १ | पुनः विज्ञापन |
| २ | १३–२०८०/०८१ | प्रशिक्षक | मावि | पशु विज्ञान | प्राविधिक अनुदान | पशुविज्ञान विषयमा स्नातक उत्तीर्ण | १ | पुनः विज्ञापन |
| ३ | १४–२०८०/०८१ | शिक्षक | मा.वि. | गणित | शिक्षण सिकाई अनुदान | गणित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण | २ | पुनः विज्ञापन |
| ४ | १५–२०८०/०८१ | शिक्षक | नि.मा.वि. | विज्ञान | शिक्षण सिकाई अनुदान | विज्ञान विषयमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण | २ | पुनः विज्ञापन |
| ५ | १६–२०८०/०८१ | स्वयंसेवक शिक्षक | निमावि | सामाजिक अध्ययन | गापा स्रोत | प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | १ | पुनः विज्ञापन |
| ६ | १७–२०८०/०८१ | स्वयंसेवक शिक्षक | निमावि | अङ्ग्रेजी | गापा स्रोत | प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | १ | |
| ७ | १८–२०८०/०८१ | शिक्षक | प्रावि | | अस्थायी करार | प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | १ | शिक्षक अनुमतिपत्रप्राप्त |
| ८ | १९–२०८०/०८१ | अहेब | | | करार | TSLC उत्तीर्ण | १ | |
| ९ | २०–२०८०/०८१ | कार्यालय सहयोगी | | | करार | साक्षर | | |
| १० | २१–२०८०/०८१ | हेरालु | | | करार | साक्षर | १ | |

१. **न्यूनतम योग्यता:**
क) नेपाली नागरिक।
ख) **उमेर हद:** प्रचलित ऐन नियमबमोजिम।
ग) **आवेदन दस्तुर:** उमावि तहको लागि रु १३००/–, मावि तहको लागि रु १०००/–, निमावि तहको लागि रु ७००/–, प्रावि, अहेब र निमावि स्वयंसेवक शिक्षकका लागि ५००/– र कार्यालय सहयोगी र हेरालुका लागि रु १००/–।
घ) सम्बन्धित विज्ञापन नम्बरमा तोकिएका प्रमाणित कागजातहरू र दस्तुर तिरेको रसिद।
२. **छनोट प्रक्रिया :** लिखित र अन्तर्वार्ता।
३. **दरखास्त पेश गर्ने स्थान:** ठोरी गाउँपालिकाको कार्यालय, घ्याङडाँडा, पर्सा।
४. **दरखास्त पेश गर्ने अन्तिम मिति:** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिउँसो २:०० बजेसम्म।
५. **सम्पर्क मिति:** आवेदन दिने अन्तिम मितिको भोलिपल्ट अपराह्न २:०० देखि साँझ ५:०० बजेसम्म।
सम्पर्क नं ९८४९०५३९८६, ९८६०६११४०० र ९८४५२६७०८



**असुरक्षित यात्रा:** मोटरसाइकलमा चार/पाँच जना बालबालिका राखेर विद्यालय पुऱ्याउने जोखिम वीरगंजका अभिभावकहरूले लामो समयदेखि गर्दै आएका छन् । ट्राफिक प्रहरीले बालबालिका भएकै कारण यस्तो गैरजिम्मेवारीपनलाई नजरअन्दाज गर्दै आएका थिए । तर बुधवार जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको टोलीले पहिलोपटक जोखिमपूर्ण यात्रा गर्ने अभिभावकहरूलाई सचेत गराएको छ र अब उप्रान्त यस्तो गरेको खण्डमा नियम अनुसार कारबाई गर्ने चेतावनी दिएको छ । तस्वीर: नितेश कर्ण

# दोलखा सुन तस्करी प्रकरण : काठमाडौंबाट थप एकजना चिनियाँ पक्राउ

काठमाडौं, १७ असोज/रासस

दोलखामा भएको ११ किलो सुन तस्करी प्रकरणमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले काठमाडौंको स्वयम्भूबाट बुधवार थप एकजना चिनियाँ नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चीनको सिचुवानका तासी दावा भनिने आगर लामा रहेको सिआइबीका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनका अनुसार दोलखा सुन तस्करीमा निजको संलग्नताको अनुसन्धानका लागि निजलाई आज स्वयम्भूबाट पक्राउ गरिएको हो ।

पक्राउ परेका लामालाई थप अनुसन्धानका लागि आजै जिल्ला प्रहरी कार्यालय दोलखा पठाइने तयारी भएको सिआइबीले जनाएको छ । यसअघि सिआइबीले काठमाडौंका विभिन्न स्थानबाट एकजना चिनियाँ नागरिकसहित तीनजना नेपालीलाई पक्राउ गरेको थियो ।

यही असोज ११ गते पहिलोपटक दोलखाको सिङ्टीमा चार किलो सुन बरामद गरिएको थियो । त्यसपछि बिगु गाउँपालिका–३ स्थित सिङ्टीबाट तीन किलो र तेस्रोपटक लामाबगरबाट ढुङ्गामुनि लुकाएर राखेको अवस्थामा थप चार किलो सुन बरामद गरिएको प्रहरीले जनाएको छ ।


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

**लम्पी स्किन रोगका लक्षणहरू:**

- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने ।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने ।
- छालामा गिर्खा/गाँठाहरू देखिने, केही समयपछि हराउने वा फुट्ने र कीरा औंसा पर्न सक्ने ।
- नाक, मुख, कल्चौडा र थुनमा घाउ हुने ।
- आँसु, र्‍याल, सिङ्गान आउने चिप्रा कचेरा लाग्ने ।
- खुट्टा जोर्नी सुन्निने ।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने ।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं ।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सखर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं ।
- ज्वरो आएको पशुलाई आराम गराऔं ।
- नजीकको पशुचिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## महिला भलिबल : नेपाल भारतसँग पराजित

काठमाडौं, १७ असोज/रासस

चीनको हाङझाउमा जारी १९औं एशियाली खेलकूद (एशियाड) प्रतियोगिता अन्तर्गत महिला भलिबल खेलमा नेपाल भारतसँग पराजित भएको छ । भारतसँग नेपाली राष्ट्रिय महिला टोली ३–१ सेटले पराजित भएको हो ।

खेलको पहिलो सेट २५–२३ ले गुमाएको नेपालले दोस्रो खेल २६–२८ ले आफ्नो पक्षमा पार्न सफल भयो । त्यसपछिका दुई सेट नेपालले गुमायो । खेलको तेस्रो सेटमा नेपालले पुनः २५–२३ बनायो भने चौथो सेटमा भारतले २५–१७ ले सहजै आफ्नो पक्षमा पाऱ्यो । यस अघि समूह चरणको खेलमा नेपाल भियतनाम र दक्षिण कोरियासँग पराजित भएको थियो ।

# अन्ततः ब्रह्मदेव सर पुरानै विद्यालय फर्किए

प्रस, परवानीपुर, १७ असोज/

बारा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं २ स्थित नेरामावि सिमराका शिक्षक ब्रह्मदेव पासवान पुरानै विद्यालय फर्किएका छन् ।

उपमहानगरको शिक्षा शाखाले आज उनको सरुवा पुरानै विद्यायममा गरेपछि उनी पुरानै विद्यालयमा फर्किएको जनाए । ५८ वर्षीय प्राथमिक द्वितीय श्रेणीका शिक्षक पासवान अवकाशप्राप्त हुन दुई वर्ष मात्रै बाँकी छ ।

तर गत असोज ७ गते उनलाई सिमराबाट १५ किलोमिटर टाढा अपायक पर्ने स्थान जीतपुरसिमरा–२४ हरपुरमा सरुवा गरिएको थियो ।

सो विद्यालयले उनलाई हाजिर नगराएपछि असोज ८ गतेदेखि पुनः उनी उपमहानगरपालिकाको शिक्षा शाखामैं हाजिर गर्दै आएका थिए ।

सिमरा माविका प्रअ शङ्कर अर्यालसँगको मनमुटावका कारण उनलाई अपायक विद्यालयमा सरुवा गरिएको जनाइएको छ ।

सरुवा गरिएको विद्यालयमा मावि तहको शिक्षक चाहिएकोले उनलाई हाजिर नगराइ फर्काइएपछि उनी बिच्चलीमा परेका थिए । दशैं, तिहार नजीक आइरहेका बेला विद्यालयमा हाजिर नगरी उपमहानगरमा हाजिर हुँदै आएका शिक्षक पासवानको कथा सञ्चारमाध्यममार्फत प्रकाशमा आएपछि उनी सामाजिक सञ्जाल एवं सञ्चारमाध्यममा भाइरल भएका थिए ।

त्यसपछि उनलाई न्याय दिइनुपर्छ भनी ट्रोल गरिएको थियो । अन्ततः उनी हाजिर भएपछि एक इमानदार शिक्षकले न्याय पाएको भनी सबैले प्रशंसा गरिएका छन् । ४१ वर्ष शिक्षण पेशामा लागेका पासवानको घरमा दुई छोरा–बुहारी, चार नातिनातिना एवं पत्नी छन् ।

४१ वर्षे सेवाअवधिमा उनले जम्मा सिमरामा आठ धुर जमीन र पुरानो घर बारा, प्रसौनी गापा–७ बलुवामा १० धुर गरी जम्मा १८ धुर घडेरीबाहेक केही जोड्न सकेका छैनन् ।

उपमहानगरको शिक्षा शाखाको सरुवामा गरिएको ज्यादतीको कारण उनी राजीनामा दिने सोचमा पुगेका थिए । त्यसपछि उनलाई उपमहानगरले पुरानै विद्यालयमा फर्काएर व्यवस्थापन गरेको छ ।

२०३९ सालदेखि टेस्ट परीक्षा पास गरी ज्यालादारीमा काम शुरू गरेका शिक्षक पासवानको २०४१ माघ ८ गतेदेखि अस्थायी नियुक्ति भएको थियो भने २०४८ वैशाख १८ मा स्थायी भएका थिए ।

तस्वीरः प्रतीक



विद्यालयमा शिक्षण गर्न नपाइने भएपछि उनी राजीनामा गरी मासिक २९ हजार निवृत्तिभरण उठाएर जीवन गुजारा गर्ने निर्णयमा पुगिसकेका थिए ।

# शिक्षिकाको कुटाइबाट छात्राको टाउको फुट्यो

नरेश यादव, पर्सागढी, १७ असोज/



वीरगंज महानगर–२८ बगहीस्थित महानन्दप्रसाद उपाध्याय माविकी शिक्षिकाको कुटाइबाट एकजना छात्रा घाइते भएकी छन् ।

कक्षा तीनमा अध्ययनरत शिक्षा कुमारीलाई सो विद्यालयका शिक्षिका प्रतिमाले कुटपिट गरी टाउको फुटाइदिएको अभिभावकले गुनासो गरेका छन् । गुणा पढ्न नआएको भन्दै शिक्षिकाले छात्रालाई टाउको फुट्ने गरी कुटपिट गरेको छात्राकी अभिभावकले गुनासो गरेका छन् ।

# श्रीसियामा ४५ दिने सिलाइ कटाइ तालीम

प्रस, वीरगंज, १७ असोज/

'सीप सिकौं,रोजगार गरौं' मूल नाराका साथ ४५ दिने सिलाइकटाइ तालीम वीरगंजमा आयोजना भएको छ । वीरगंज–२५ वडा कार्यालयको सहयोग र सरिता सीप कला केन्द्र, वीरगंजको आयोजनामा सो तालीम भइरहेको छ । तालीमको उद्घाटनमा प्रमुख अतिथि वडाध्यक्ष आशुतोष चतुर्वेदीले वडाका महिलाहरूको क्षमता विकाससँगै आयआर्जनमा टेवा पुग्ने उद्देश्यले तालीम आयोजना गरिएको बताए ।

उनले भने, "घरमा महिलाहरू यत्तिकै बस्नुपरेको अवस्थामा सीपबाट घर व्यवहारमा राहत हुने उद्देश्यले तालीमबाट सिकेका सीपलाई व्यवहारमा ल्याउन र घरपरिवारमा उपयोग गर्न आवश्यक छ।"

उद्घाटन कार्यक्रममा वडा सचिव हरेराम चौधरी, महिला वडासदस्य फुलेनिया देवी, तेतरी देवी, जगदीश साह तुरहा, बाका पटेल, प्रशिक्षक राधा चौधरी, सहायक प्रशिक्षक लक्ष्मी शर्मा र रञ्जना देवीलगायतको सहभागिता थियो । तालीममा ३० जना महिलाको सहभागी छन् । केन्द्रकी अध्यक्ष सरिता गुप्ताको अध्यक्षतामा भएको कार्यक्रमको सहजीरण वंशीधर गुप्ताले गरेका थिए ।




# भन्सार छलीको गहुँसहित ट्याक्टर नियन्त्रण



तस्वीर: सौजन्य

प्रस, वीरगंज, १७ असोज/

भन्सार छलीको आठ हजार ५६० किलो गहुँसहित ट्याक्टरलाई पर्सा प्रहरीले बुधवार बिहान नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

भारतबाट भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याइ वीरगंजतर्फ आइरहेको ना.१ख ९६४२ नम्बरको ट्याक्टरमा लोड रहेको आठ हजार ५६० किलो गहुँ सूचनाको आधारमा प्रहरीले वीरगंज वडा नं १९ केहुनिया तिलावे पुलस्थित सडकखण्डमा नियन्त्रण लिएको थियो । प्रहरीलाई देख्ने बित्तिकै चालक ट्याक्टर छाडेर फरार भएका थिए । ट्याक्टर र गहुँ कारबाईको लागि वीरगंज भन्सार कार्यालय, पर्सामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ ।

# 'अन अराइभल भिसा' सुविधा दिन अनुरोध

काठमाडौं, १७ असोज/रासस




नेपाल उद्योग वाणिज्य महासङ्घले नेपाली पर्यटकलाई दिइँदै आएको 'अन अराइभल भिसा' सुविधा पुनः प्रदान गर्न इन्डोनेसिया सरकारलाई अनुरोध गरेको छ ।

नेपालका लागि इन्डोनेसियाका गैरआवासीय राजदूत हेरू हार्तान्तोसँग बुधवार भएको भेटमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले कोरोना महामारीका बेला स्थगन गरिएको अन अराइभल भिसा अब पुनः जारी गर्ने व्यवस्थाका निम्ति अनुरोध गरेको महासङ्घले एक विज्ञप्ति निकालेर बताएको छ ।

राजदूत हार्तान्तोले अध्यक्ष ढाकालले गरेको अनुरोधप्रति सकारात्मक जवाफ दिदैं त्यससम्बन्धमा आफ्नो देशको सरकारसँग छलफल गर्ने बताए ।

नेपालको निर्यात प्रवर्द्धनमा सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । नेपालले गलैंचा, चियालगायत उत्पादन इन्डोनेसिया निर्यात गर्दै आएको छ ।

## बाग्मती पुल निर्माण ...

निर्माणको लागि प्रतिबद्धता जनाएका थिए ।

पप्पु कन्स्ट्रक्सनले पुल निर्माणको कार्य नगरेपछि ठेक्का रद्द गरी अर्को ठेक्का लगाइएको थियो ।

अर्को ठेक्कामा वाइपी महालक्ष्मी विकास जेभीले ठेक्का सकार गरी पुल निर्माण गर्नुको सट्टा बालुवाको सडक बनाइ करोडौं रकम अनियमितता गरी फरार रहेको स्थानीयले आरोप लगाएका छन् ।